# नेपाल राजपत्र

श्री ५ को संरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, भदौ ६ गते २०४२ साल (अतिरिक्ताङ्क २४

## भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४२ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3060

राष्ट्रिय पञ्चायतको सदस्यको अयोग्यता सम्बन्धमा कारवाही गर्ने
कार्यविधिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः राष्ट्रिय पञ्चायतको सदस्यको अयोग्यता सम्बन्धमा कारवाही गर्ने कार्यविधिसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायतको सदस्यको अयोग्यतासम्बन्धी (कार्यविधि) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. अयोग्यतासम्बन्धी प्रश्नको निर्णय गर्ने कार्यविधिः (१) राष्ट्रिय पञ्चायतको कुनै सदस्यको अयोग्यतासम्बन्धमा नेपालको संविधानको धारा ३६ अनुसार निर्णय हुनुपर्ने प्रश्न उपस्थित भएमा वा तत्सम्बन्धमा कसैको उजुरी परेमा सो विषयमा अन्तिम निर्णय दिन प्रधान न्यायाधीशले आवश्यक देखेमा सम्बन्धित पक्षहरू बुझ्न वा आवश्यक सबूत बुझ्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पक्ष वा सबूत प्रमाण बुझ्ने सम्बन्धमा प्रधान न्यायाधीशले अदालतलाई भएसरहको अधिकार प्रयोग गर्नेछ ।

३. निर्वाचन आयोगसंग परामर्शः दफा २ को उपदफा (१) बमोजिम अन्तिम निर्णयको लागि प्राप्त विषय वा उजुरीमा प्रधान न्यायाधीशले आफ्नो परामर्श पठाउनू भनी निर्वाचन आयोगमा लेखी पठाउनु पर्नेछ र निर्वाचन आयोगले पनि त्यसरी लेखी आएको मितिले पैंतीस दिनभित्र आफ्नो परामर्श दिनु पर्नेछ ।

४. निश्चित अवधिभित्र निर्णय गर्नुपर्नेः दफा २ को उपदफा (१) बमोजिम अन्तिम निर्णयको लागि प्राप्त भएको विषय वा उजुरीमा प्रधान न्यायाधीशले साधारणतः एक वर्षभित्र अन्तिम निर्णय गर्नु पर्नेछ ।

लालमोहर सदर मितिः– २०४२।५।६।१

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०८